का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ चैत २०८०,
सोमबार
18 March 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक


ईपेपर हेर्नु



वर्ष २२, अंक ३४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### १५औं महाधिवेशनको तयारी

# देउवा रिझाउन कांग्रेसमा होड

प्रमुख प्रतिपक्षी भूमिकामा धकेलिएको नेपाली कांग्रेसभित्र आगामी महाधिवेशनपछि कसले नेतृत्व लिने भन्ने होड देखिएको छ । नेताहरुले सार्वजनिक रुपमै नेतृत्वका दावी गर्न थालेका छन् । धेरै नेताहरुको ध्यान भने सभापति शेरबहादुर देउवाको साथ पाए नेतृत्व लिन सहज पर्नमा गएको देखिन्छ ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

प्रमुख प्रतिपक्षमा पुगेपछि नेपाली कांग्रेसभित्र नेतृत्वको विषयमा बहस हुन थालेको छ । नयाँ नेतृत्वका लागि शेखर कोइराला, शशांक कोइराला, पूर्णबहादुर खड्का, बिमलेन्द्र नीधि, गगन थापा लगायतले सक्रियता बढाएका छन् । कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह लगायत नेताहरु पनि सभापतिका आकांक्षी छन् ।

कांग्रेसको विधानतः पार्टीको १५औं महाधिवेशन २०८२ मंसिर मसान्तभित्र हुनुपर्छ । गत फागुन ७ देखि १० गतेसम्म राजधानीमा बसेको महासमिति बैठकमा सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै महामन्त्री गगन थापाले समयमै महाधिवेशन गर्ने प्रस्ताव राखेका थिए । जसलाई महासमिति बैठकले स्वीकार गरेको छ ।

फेरि विधानतः सभापति शेरबहादुर देउवा भने त्यो महाधिवेशनमा फेरि नेतृत्वका लागि दावी गर्न पाउँदैनन् । कांग्रेसमा लगातार दुई पटक भन्दा बढी सभापति हुन पाउने व्यवस्था छ । त्यसैले नेतृत्वमा दावी नगर्ने देउवालाई मनाएर नेतृत्व हत्याउन नेताहरुको होड नै चलेको छ ।

नेताहरुका अनुसार सभापति देउवाले कसलाई विश्वास गर्छन् उसले कांग्रेसको नेतृत्व पाउने सम्भावना बलियो रहन्छ । यसकारण सभापतिका आकांक्षीहरु देउवालाई रिझाउन लागिपरेका छन् ।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाले सार्वजनिक रुपमै १५औं महाधिवेशनमा पार्टी सभापति हुने गरी अघि बढेको बताएका छन् । आइतबार रामेछापमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले सभापति बनेर नयाँ ढंगले पार्टी सञ्चालन गर्ने योजना रहेको बताएका हुन् । 'तपाईंहरूको आग्रह जायज छ, सोही अनुसार म नेतृत्वका लागि अघि बढ्छु । सभापति बनेर अहिलेभन्दा भिन्न ढंगले पार्टी चलाउने मेरो योजना छ' उनले भने ।

अहिलेको समयमा पार्टी चलाउने शैलीमा परिवर्तन आवश्यक रहेको र आफू कांग्रेसको नेतृत्वका लागि योग्य रहेको उनको भनाइ छ । अर्थात् नेताहरुले खुलेरै १५औं महाधिवेशन केन्द्रित गतिविधि गर्न थालेका हुन् ।

राजनीतिक विश्लेषक गेजा शर्मा वाग्लेका अनुसार, वर्तमान सभापति देउवा अबको महाधिवेशनपछि स्वभाविक रूपमा अवकाशमा जान्छन् । त्यसकारण भावी नेतृत्वबारे छलफल हुनु स्वाभाविक हो । वाग्लेका अनुसार सभापति देउवाले उत्तराधिकारी तोक्ने सम्भावना कम छ । यदि देउवाले उत्तराधिकारी घोषणा गरे नेता/कार्यकर्ताहरूले विवेकसम्मत निर्णय गर्छन् । उत्तराधिकारी घोषणा गरेनन् भने सभापतिका सबै आकांक्षीहरु उनको नजिक हुन खोजिरहन्छन् ।

कांग्रेसको महासमिति बैठकपछि नेताहरुबीच चियापान गर्ने होडबाजी नै देखिएको थियो । पूर्वउपसभापति शशांक कोइरालाले आयोजना गरेको चियापान कार्यक्रममा आयोजक शशांक र धन्यवाद सभापति देउवाले दिएका थिए । यस्तो दृश्य देखिनुको कारण पनि देउवासँग नजिक हुने र विश्वास जित्ने प्रयास भएको नेताहरु बताउँछन् ।

### लगानी सम्मेलनको सम्मुखमा नेपाल

# तीन दशकमा खर्बौं प्रतिबद्धता कमजोर कार्यान्वयन !

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ४ चैत ।

सरकारले आगामी वैशाख ९ र १० गते तेस्रो लगानी सम्मेलनको तयारी तीब्र पारेको छ । तालुकदार मन्त्रालयहरूसँगको समन्वयमा लगानी बोर्ड नेपालले प्रभावकारी काम भइरहेको दाबी गरिरहेको छ ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सीईओ सुशील भट्ट भन्छन्, 'लगानी सम्मेलन फगत सम्मेलन मात्रै होइन, बिगतका सिकाइ र अनुभवका आधारमा यो पाली लगानी आउने र कार्यान्वयन हुनेगरी काम गरिरहेका छौं ।' तर तीव्र आर्थिक मन्दीका कारण उद्योगधन्दा जिर्ण रहेको सन्दर्भमा लगानी सम्मेलनको प्रतिफल कस्तो आउँला त ? सबैको चासोको विषय बनेको छ ।

**तीन दशक !**

नेपालमा तीन दशकअघिदेखि नै प्रत्यक्ष वैदेशिक लगानीको वातावरण बनेको इतिहास छ । २०४८ सालमा प्रजातन्त्र पुर्नबहाली भएसँगै नेपालले पहिलोपटक लगानी सम्मेलन गर्दै लगानीका लागि अन्तर्राष्ट्रिय लगानीकर्तालाई औपचारिक आह्वान गरेको थियो ।

लगानी सम्मेलन गर्दा पञ्चायती व्यवस्थाको अन्त्य भएको र लगानीको वातावरण बनेकोमा विश्वास दिलाउँदै तत्कालीन सरकारले नेपालमा पनि उदार अर्थतन्त्रको सुरुवात भएको जानकारी अन्तर्राष्ट्रिय बजारलाई दिएको थियो । सोही औपचारिक आह्वानपछि ८६ करोड रूपैयाँ वैदेशिक लगानीको प्रतिबद्धता आएको तथ्यांक छ ।

त्यसअघि अनौपचारिक रूपमा २०३८ सालदेखि नेपाली उत्पादन उद्योगमा विदेशीहरूले लगानी गरेको नेपाल राष्ट्र बैंकको अभिलेख पनि छ । त्यतिबेला १९ करोड हाराहारी मात्रै वैदेशिक लगानी रहेको तथ्यांक छ ।

खर्बौं प्रतिबद्धता, नगन्य कार्यान्वयन !

नेपालमा प्रत्यक्ष बैदेशिक लगानीको तीन दशक नाघिसक्दा खर्बौं रूपैयाँ लगानीको प्रतिबद्धता आइसकेको छ । पछिल्लो दशकमा मात्रै तीन वटा ठूला लगानी सम्मेलनले लगानीका लागि औपचारक आह्वान पनि गरिसकेको छ । तर प्रतिबद्धताबाट प्राप्ती निकै कमजोर देखिएको छ । २०७२ सालमा गोरखा केन्द्रबिन्दु भएर आएको विनाशकारी भूकम्पपछि २०७३ फागुनमा सरकारले सरकारले लगानी सम्मेलन गरेको थियो । उक्त लगानी सम्मेलन मार्फत् १३ खर्ब ५२ अर्ब रूपैयाँ वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो । त्यसको दुई वर्षपछि २०७५ चैतमा सरकारले अर्को लगानी सम्मेलन गर्दा १७ खर्ब ३० अर्ब रुपैयाँ बराबरको प्रतिबद्धता आयो ।

नेपाली बजारमा लगानी गर्न चासो देखाउने यति ठूलो लगानीलाई नेपाल भित्र्याउन भने सकिएको छैन । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ मा 'प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धि प्रतिवेदन'ले आर्थिक वर्ष २०७७/७८ मा ५५ देशको २ खर्ब २७ अर्ब ९५ करोड रुपैयाँ मात्रै प्रत्यक्ष वैदेशिक लगानी नेपाली बजारमा रहेको देखाएको थियो । त्यसपछि दुई वर्षमा कार्यान्वयनमा केही सुधार देखिए पनि नगन्य नै छ । उद्योग विभागको तथ्यांकअनुसार नेपाली लगानीको सुरुदेखि चालू आर्थिक वर्ष २०८०/०८१ को फागुन मसान्तसम्म साना तथा मझौला उद्योगहरूका लागि ४ खर्ब ७९ अर्ब १० करोड प्रतिबद्धता आएको छ । यसमध्ये २० करोड रूपैयाँ मात्रै स्वीकृत भएको छ ।

कुल ६ हजार १ सय १२ वटा विभिन्न उद्योगमा गर्ने भनिएको उक्त लगानीले ३ लाख २२ हजार २ सय ६६ जनाले रोजगारी पाउने उल्लेख छ । यसैगरी लगानी बोर्ड नेपाल मार्फत् नेपालमा भित्रिएका आर्थिक वर्ष २०७९/८० सम्म ३३ वटा उद्योगका लागि १० खर्ब बढीको लगानी स्वीकृत भएको छ । यस मध्ये करिब ४ खर्ब रूपैयाँ मात्रै कार्यान्वयनमा आएको छ ।

यसअघि आर्थिक वर्ष २०६७/०६८ सम्ममा नेपाली उद्योग क्षेत्रमा १ खर्ब ८१ अर्ब ७२ करोड एफडीआई थियो । आव ०७५/७६ मा पृष्ठ २ मा

# नेपालीको जीवनस्तरमा सुधार

## ८६ प्रतिशतको आफ्नै पक्की घर

नेपालीहरुको जीवनस्तरमा सुधार भएका तथ्याङ्क सार्वजनिक भएका छन् । जहाँ महिलाहरु आफैं कमाउन सक्रिय भएकोदेखि निजी सवारी साधन चढ्ने र आफ्नै पक्की आवासमा बस्नेसम्मको संख्या उल्लेख्य छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ चैत ।



नेपालीहरुको जीवनस्तरमा सुधार आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार महिलाहरु उद्यममा जोडिएका छन्। आर्थिक उपार्जनमा महिलाहरु जोडिएसँगै नेपालीका परिवारको आर्थिक हैसियत उकासिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आइतबार सार्वजनिक गरेको घर तथा परिवारको अवस्था सम्बन्धी प्रतिवेदन अनुसार ८६ प्रतिशत नेपाली परिवारको आफ्नै पक्की घर रहेका छ । एक तले भएपनि पक्की घर, आफ्नै सवारी साधन भएका नेपालीहरको संख्यालाई देखाएर पृष्ठ २ मा

### आफ्नै गाडी चढ्ने बढे

२०६८ सालदेखि १० वर्षको अन्तरमा कार, जीप, भ्यान, मोटरसाईकल, स्कूटर प्रयोग गर्ने परिवारको संख्या तीन गुणाले बढेको छ। १० वर्षअघि पाँच लाख १९ हजार पाँच सय परिवारमा सवारी साधन थियो भने अहिले १८ लाख १६ हजार अर्थात् २७.३ प्रतिशत घरमा सवारी साधन रहेका छन् ।

घरमा फ्रीज, एसी, वासिङ मेसिनप्रयोग गर्नेको संख्या समेत बढेको छ । तथ्यांकअनुसार समग्र नेपालीको घरायसी जीवनस्तर र सुविधा प्रयोग गर्नेको संख्या बढ्दो छ । पृष्ठ २ मा

### आर्थिक उपार्जनमा ६५ प्रतिशत नेपाली

नेपालको कूल जनसंख्या मध्ये ६५ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय भएका छन्। दश वर्ष वा माथिका कुल जनसंख्याको करिब दुई तिहाई अर्थात् ६५ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय रहेको छ। आर्थिक रुपमा सक्रियमध्ये ७१ प्रतिशत पुरुष रहेका छन्।

यस्तै महिलाको आर्थिक सक्रियतापनि ६० प्रतिशत पुगेको तथ्यांकले देखाएको छ। प्रदेशतर्फ कर्णाली प्रदेशमा सबैभन्दा धेरै ७२ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय छन् पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# फेमिसको विकल्प खोजिने मन्त्री अर्यालको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) को सुधार नगरे विकल्प खोज्ने चेतावनी दिएका छन् । आइतबार फेमिस प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र मन्त्रालयको सूचना प्रविधि परामर्शदातासँग छलफल गर्दै मन्त्री अर्यालले आगामी शुक्रबारदेखि एक घण्टाभित्र श्रम स्वीकृति दिन सकिने गरी सुधार गर्न निर्देशन दिए । हाल अत्याधिक प्रयोगकर्ताका कारणले कार्यालय समयमा चाप बढेको भन्दै कर्मचारीले राति दश बजेसम्म श्रम स्वीकृति जारी गर्दा वैदेशिक रोजगारमा जाने कामदार र म्यानपावर व्यवसायी तनावमा रहने गरेका छन् ।

वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले एक दशक अघिदेखि फेमिस प्रणाली प्रयोगमा ल्याएको छ । तर प्रणालीमा समय-समयमा समस्या आउने गरेपछि वैदेशिक रोजगारमा जाने श्रमिकदेखि म्यानपावर कम्पनी समस्यामा पर्ने गरेका छन् । समयमा श्रम स्वीकृति नपाउँदा कतिपय श्रमिकको रोजगारदाताले उपलब्ध गराएको जहाज टिकट खेर जाने गरेको छ ।

मन्त्री अर्यालले संसारको कुनैपनि कुनाबाट श्रम स्वीकृतिको लागि श्रमिकले आवेदन दिँदा एक घण्टाभित्र श्रम स्वीकृति दिन सक्ने गरी प्रणाली सुधार गर्न निर्देशन दिएको उनको निजी सचिवालयले जनाएको छ । फेमिस प्रणालीको सफ्टवेयरको आपूर्तिकर्ता इ-बीमा कम्पनी हो भने हार्डवेयर आपूर्तिकर्ता दृष्टि टेक कम्पनी हो । सेवा आपूर्तिकर्तासँग छलफल गर्दै मन्त्री अर्यालले भने, 'तपाईहरुले काम गर्न सक्नुहुन्छ भने गर्नुहोस् अन्यथा अन्य विकल्प खोजेर भएपनि एक महिना भित्र एक घण्टामा श्रम स्वीकृति दिन पृष्ठ २ मा

### न्यूजिल्याण्ड पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि न्यूजिल्याण्ड पठाइ दिने भनेर ठगी गरेको आरोपमा झापा मेचिनगर नगरपालिका-१० का समित भट्टराई पक्राउ परेका छन् । हाल काठमाडौं मैतिदेवी बस्ने भट्टराईले पदमबहादुर बुढालाई दुई लाख पचास हजार रुपैयाँ तलव हुने वैदेशिक रोजगारीको लागि न्यूजिल्याण्ड पठाइदिने भनेर चार लाख रुपैयाँ बुझेका थिए ।

चार लाख बुझेपछि सम्पर्क विहीन भएका भट्टराईविरुद्ध बुढाले उजुरी दर्ता गराएका थिए । शुरूमा न्यूजिल्याण्ड जान चौध लाख रुपैयाँ लाग्ने र न्यूजिल्याण्ड पुगेपछि दुई लाख पचास हजार रुपैयाँ तलव पाउने प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भट्टराईले प्रलोभन दिएका थिए । मीनभवनबाट पक्राउ परेका भट्टराईलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले बताएको छ ।

JOB VACANCY
We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.
International Marketing : 1 (Male/Female)
Min. 5 years experience in related field.
PRO : Male-2 /Female-2
Min. 2/3 years experience in related field.
Please send your CV: destinyhrgroup2079@gmail.com
DESTINY HR GROUP PVT. LTD.
Sinamangal-9, Kathmandu
Tel.: 01-5913085, 01-5914085, 9851164801
www.destinyhrgroup.com.np

# तनावमुक्त हुने विधि विपश्यना ध्यान : धम्मसेवक गिरी

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ चैत



विपश्यना साधना स्थल जुम्लाका धम्म सेवक प्रेम राज गिरी अंहकार, रिस, राग, द्धेष र मोहले मानिसको जीवन कुरुपतातिर धकल्ने बताउँछन् ।

जसका कारण मानिसहरु दैनिक तनावयुक्त बन्ने गरेका छन् । तनावका कारण मानिसमा विभिन्न प्रकारका रोग तथा शारीरिक समस्या पैदा हुने गरेको छ । उनका अनुसार विभिन्न कारणले विचलित मनलाई शान्त पार्न र तनावमुक्त हुने विधि विपश्यना ध्यान हो । उनी भन्छन्, '२६ सय वर्ष पहिले गौतम बुद्धले ध्यान प्रतिपादन गर्नुभएको थियो । बुद्ध द्धारा प्रतिपादित यो ध्यान तथा विपश्यना अहिले संसारभर पुगेको देख्न सकिन्छ ।'

जिल्लाको गुठीचौर गाउँपालिकाको वडा नं. ३ मा अवस्थित विपश्यना साधनास्थल जुम्लामा पनि स्थापना गरिएको छ ।

धम्म सेवक प्रेम राज गिरीका अनुसार २०७७ सालमा यसको डाक्टर निलम कुमार ( मानव)को सहयोगमा स्थापना गरिएको हो । 'म पेसाले स्वास्थ्यकर्मी भएकाले डाक्टर निलमसहितको केही डाक्टरहरु सँगसँगै खाना खाने अवसर मिलेको थियो । त्यसक्रममा पञ्चशीलको बारेमा छलफल भयो' उनी थप्छन्, 'जसमा चोरी, नगर्नु, झुटो नबोल्नु, हिंसा नगर्नु, ब्रह्माचार्य लागु गर्नु र लागु पदार्थको सेवन नगर्नु आदि बारेमा चर्चा, सकिएपछि १० मिनेटको आनापाना सति ध्यान गर्‍यौं । उक्त कुराले गर्दा जुम्लामा पनि विपश्यना साधनास्थल स्थापना लागि निणर्य गरेका थियौं ।' 'संसारमा मानिसहरु विभिन्न कारणले अशान्त बनेका छन् । विपश्यना ध्यान मानिसको मनलाई काबुमा ल्याउने अस्त्र हो । तनावयुक्त र हतास मनस्थितिलाई यसले एकाग्रतामा लैजाने गर्दछ' उनी भन्छन्, 'यो जीवन जिउन सिकाउने माध्याम पनि विपश्यना हो । मानिसलाई दास बनाउने चञ्चल मनलाई वशमा राख्न विपश्यना ध्यान अति आवश्यक छ ।

पटक-पटक ध्यान शिविर

विपश्यना साधनास्थल गुठीचौर जुम्लाका धम्म सेवक प्रेम राज गिरीका अनुसार जुम्लाको पहिलो १० दिवसीय ध्यान शिविर कान्जिरोवा होटलमा २०७७ साल साउनको पूर्णिमामा भएको थियो ।

उक्त शिविरको सञ्चालन वरिष्ठ सहायक आचार्य श्री अमिर खातीले गरेका थिए । त्यतिबेला कोरोना महामारीको प्रकोप भएकाले पुराना साधकहरुमात्र ध्यान शिविरमा बसेका थिए ।

त्यस्तै, २०७८ साल आषाढ पूर्णिमामा पुराना साधकहरुको एक दिवसीय ध्यान शिविर र विद्यार्थीहरूलाई एक दिवसीय आनापान सति ध्यान शिविर चलाइएको थियो ।

यी दुवै शिविरको सञ्चालन गरिएको थियो । त्यसको संञ्चालन वरिष्ठ सहायक आचार्य श्री अमिर खातीले नै गरेका थिए ।

तेस्रो वर्ष २०७९ सालमा स्वहित वीरसिंह कंशाकार र राजु खड्गीले शिविरहरु सञ्चालन गरेका हुन् । त्यस्तै, धम्म सेवक प्रेरा राज गिरीका अनुसार बाल शिविर शिक्षक विपश्यना साधना (एक संक्षिप्त रूपरेखा) राजु खड्गी, हामी सेवकहरु मिलेर गुठीचौर गाउँपालिका अन्तर्गतका २ वटा स्कुलमा एक/एक दिवसीय बाल शिविर सञ्चालन गरिएको थियो ।

उनले भने,'(२०८०) वैशाख पूर्णिमामा विश्वविपश्यना आचार्य श्री सत्यनारायण गोयन्काको १०० वर्षको वर्षगाँठ (जन्मजयन्ती) मनाउने क्रममा यस गुठीचौर गाउँपालिकामा रहेको विपश्यना साधना स्थलमा १० दिवसीय विपश्यना ध्यान शिविर सफलतापूर्वक सम्पन्न भएको छ ।

त्यसको संञ्चालन सुर्खेत विपश्यना केन्द्रका केन्द्रका आचार्य श्री महेन्द्र मुनि बज्राचार्यले गरेका थिए । उनले भने,'विपश्यना साधना स्थल जुम्ला ध्यानहरुको क्षेत्रमा सेवा दिदै आएपनि यो आफ्नो अफिसियल रुपमा संञ्चालन हुने प्रक्रियामा रहेको छ। त्यस्तै जिल्ला सरकारी वकिल रेनुका राईका अनुसार साधना तथा योगको अभ्यासलाई साधकले राम्ररी बुझे मात्र चित्त शुद्ध पार्न सहयोग पुर्‍याउँछ ।

# अर्घाखाँचीका सबै पालिकामा एमालेको एक महिने योजना निर्माण

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ चैत



नेकपा एमालेले एकसाथ अर्घाखाँचीका सबै पालिकामा बैठक सम्पन्न गरेको छ । एमाले जिल्ला कमिटीको बैठकले बनाएको कार्ययोजना अनुसार आइतबार एकैपटक सन्धिखर्क, भूमिकास्थान, शीगगंगा, मालारानी, पाणिनि, छत्रदेव र सन्धिखर्क विशेष इलाकाको बैठक सम्पन्न गरेको हो ।

बैठकले आगामी एक महिनाको निम्ति पार्टीको योजना निर्माण गरेको छ । जसअनुसार चैत ५ गते जिल्लाका सबै ६१ वडा र ४ वटा विशेष शाखा गरी ६५ ठाउँमा पार्टी सदस्यको भेला गर्ने, भेलामा उपस्थित सबै सदस्य परीक्षामा सहभागी हुने, सोही दिन पार्टी सदस्यता नविकरण गर्ने र पार्टीको केन्द्रीय कार्यालय निर्माणको लागि प्रत्येक सदस्यबाट कम्तिमा एकसय रुपैयाँ संकलन गर्ने निर्णय गरेको छ ।

साथै बैठकले पालिका स्तरमा दुईदिने प्रशिक्षण सञ्चालन गर्ने, नयाँ सदस्यको निम्ति आवेदन फाराम भराउने निर्णय गरेको छ ।

यस्तै बैठकले पार्टीबाट निर्वाचित स्थानीय जनप्रतिनिधिको कामलाई थप प्रभावकारी र जनमुखी बनाउन जनप्रतिनिधिसँग अन्तरक्रिया गर्ने लगायतका निर्णय गरेको जनाइएको छ ।

यसैबीच नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालले पुरानो गठबन्धन बनेसँगै एमाले विकासमा जोडिएको बताउँदै नेपाली जनताको बलिदान, कठोर संघर्ष र ठूलो त्यागबाट प्राप्त उपलब्धि खोसेर नेपाली जनतालाई पुनः रैती बनाउने षड्यन्त्र भएको भन्दै त्यसकाविरुद्ध सबै अग्रगामी र परिवर्तनशील शक्ति एकजुट भइ अगाडि बढ्नुपर्नेमा जोड दिएको एमाले प्रचार विभाग प्रमुख शोभाखर पन्थीले बताए ।

नेता भुसालले एमाले एकताबद्ध भएर अगाडि बढेमा मुलुकको कुनै पनि तागतले जित्न नसक्ने दाबी गर्दै झिना मसिना कुरामा नअल्झिएर एकमन एकताका साथ पार्टी निर्माणमा जुट्न कार्यकर्तालाई आग्रह गरे ।

भुसालले पार्टीकोतर्फबाट जनप्रतिनिधि वा संघसंस्था जुनसुकै ठाउँमा प्रतिनिधित्व गर्ने व्यक्ति भएपनि उदाहरणीय र अब्बल काम गरी श्रेष्ठता हासिल गर्न आग्रह गरे । नेकपा एमाले सन्धिखर्क नगर कमिटीका अध्यक्ष श्रीकृष्ण भुसालको अध्यक्षता, सचिव कुशल भुसालको सञ्चालन र उपसचिव लक्ष्मण पराजुलीको स्वागत मन्तव्य रहेको कार्यक्रममा नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका सदस्यद्वय केवी भुसाल, भोज बहादुर गन्दर्व, क्षेत्रीय समन्वय कमिटीका संयोजक रामबहादुर रायमाझी,रामचन्द्र पोखेल, नगर कमिटीका इन्चार्ज युवराज श्रेष्ठ, सह-इन्चार्ज मोतिजङ्ग रायमाझी, एमाले नेता सरोज भुसाल लगायतको उपस्थित रहेको थियो ।

# लेखापढी कानून व्यवसायीहरुले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ४ चैत

नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन जिल्ला कार्य समिति बाँकेको आयोजनामा रक्तदान कार्यक्रममा ३१ जना रक्तदान नेपाल लेखापढी कानून व्यवसायीहरुले रक्तदान गरेका छन् ।

प्रादेशिक रक्त सञ्चार केन्द्र नेपालगन्जमा आयोजित रक्तदान कार्यक्रममा सौरभ वर्माको संयोजकत्वमा, नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन बाँकेका अध्यक्ष राम गोपाल कुर्मी, प्रखर गुप्ता, पार्वती थारु, असफाक जसगढ संघर्ष, गोबिन्द वर्मा, बिजय थारु, रामु लगायतले रक्तदान गरेका छन् ।

यस्तै, राजेश कुमार बढही, बिजय कुमार तेली, कमल थापा, सुरज सोनकर, दिपेन्द्र कुमार तेली, कार्यक्रम संयोजक सौरभ वर्मा, कमलेश कुमार, जगबीर लामा, पुरन यादव, विनय कुमार कौलिक, हेमन्त कुमार कुर्मीले पनि रक्तदान गरे ।



रक्तदान गर्नेमा अन्य लेखापढी कानून व्यवसायीहरुमा सुशील वर्मा, रन्जित सिंह सिजापति, बिकास घर्तीमगर, सन्तोष कुमार नाउँ, दिपक चिडिमार, दिलिप वर्मा, सरजु थापा, नैना शाह, सुनिल बाल्मिकी, दिपक चौधरी, धमेन्द्र , साहिल अली ढपाली रहेका छन् ।

नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन बाँकेका अध्यक्ष राम गोपाल कुर्मी र कार्यक्रम संयोजक सौरभ वर्माले रक्तदाताहरुलाई प्रमाण-पत्र प्रदान गरे । कार्यक्रममा प्रादेशिक रक्त सञ्चार केन्द्र नेपालगन्जका प्राविधिक सोम प्रकाश सापकोटा, सुनिता कुमाई, सन्दिप आचार्य, केशर सिंह डाँगीले सहयोग गरेका थिए ।

# माटोको ढिस्कोले पुरिँदा महिलाको मृत्यु

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ चैत

माटोको ढिस्कोले पुरिएर अर्घाखाँचीको शितगंगा २ सितापुर झिर्रामा एक महिलाको मृत्यु भएको छ भने अन्य १ जना घाइते भएकी छन् ।

मृत्यु हुनेमा शितगंगा २ झिर्रा निवासी ४० वर्षीया शारदा अधिकारी रहेकी छन् ।

माटोको ढिस्कोले पुरिएर घाइते भएकी शारदा अधिकारीलाई ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा चेकजाँचको क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए । घाइते ३८ वर्षीया राधा अधिकारीलाई थप उपचारको लागि भैरहवा मेडिकलमा रिफर गरिएको छ ।

उनी खतरामुक्त रहेकी अस्पतालले जनाएको छ । शवलाई अहिले पोष्टमार्टमका लागि ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा राखिएको छ । मृतक महिलासँगै ११ जना माटो खन्न गएका थिए । अन्य नौ जना भने सकुशल रहेका छन् ।

## लगानी...

उद्योग विभाग मार्फत २५ अर्ब ४८ करोड र लगानी बोर्डमार्फत् १ खर्ब ६५ अर्ब ७४ करोड लगानीको प्रतिबद्धता आएको तथ्यांक छ । यसैगरी आर्थिक वर्ष २०७६/७७ मा पनि उद्योग विभागमार्फत् ३८ अर्ब ८८ करोडको विदेशी लगानी प्रतिबद्धता आएको थियो, लगानी बोर्डमार्फत् १ खर्ब ६३ अर्ब ४६ करोड प्रतिबद्धता आएको थियो ।

तथ्यांकअनुसार लगानी बोर्ड र उद्योग विभागमार्फत् अहिलेसम्म १५ खर्बभन्दा बढीको लगानी स्वीकृत नै भइसकेको छ । तर कार्यान्वयन भने मुस्किलले ५ खर्ब भएको छ ।

विश्वस्त छैनन् लगानीकर्ता !

नेपाली अर्थ बजारमा उदार नीति लागु भए पनि अन्तर्राष्ट्रिय बजारको स्वभाविक चासो देखिए पनि आन्तरिक समस्याहरूले लगानीकर्ता विश्वस्त हुन सकेका छैनन् । उसोत नेपाली बजारमा बहुराष्ट्रिय कम्पनीहरूले पनि आफ्ना त्रियाकलाप गरिरहेका छन् ।

पछिल्लो तीन दशकको अवधिमा नेपालमा २० खर्ब बढीको औपचारिक तथा अनौपचारिक प्रतिबद्धता आए । तर प्रतिबद्धता गर्नेहरू मध्ये अधिकांशले कार्यान्वयनमा रुची देखाएनन् ।

यसको कारण के हो ? अर्थशास्त्रीहरू भन्छन्, 'नेपालले नै लगानीकर्तालाई विश्वस्त तुल्याउन सकेन ।'

विश्लेषक रामेश्वर खनाल भन्छन् 'तथ्यांकमा त राम्रो छ । तर, इम्प्लिमेन्ट हुँदा ठोस् ठाउँमा नपुग्दै लगानीकर्ता फर्किरहेका छन्। यसको जिम्मेवार हाम्रा विभिन्न फ्याक्टरहरू छन् ।' अर्थशास्त्री डिल्ली खनालको बुझाइमा पनि लगानीकर्ताले प्रशस्त सम्भावना दखेरचासो देखाए पनि काम अघि बढाउनका लागि धेरै झण्झट ब्यहोर्नुपर्ने हुन्छ ।

लगानीका लागि एकीकृत नीति नहुँदा काम गर्न असहज रहेको यर्थाथ बीच पछिल्लो समय लगानीको जोखिम मूल्यांकन गर्न कन्ट्री रेटिङ नहुनु पनि अर्को समस्या रहेको बताइन्छ ।

कन्ट्री रेटिङ समाधान हो ?

लगानी सम्मेलनको सम्मुखमै आइपुग्दा फेरि पनि लगानीकर्ताले खर्बौंको प्रतिबद्धता गर्ने नै छन्। तर कार्यान्वयनमा जान भने विभिन्न झण्झट ब्यहोनु पर्नेछ । यही समस्याको केही हदसम्म समाधानका लागि नेपालमा लगानी गर्नका लागि कति जोखिम वा प्रतिफल कस्तो रहन्छ भन्ने मूल्याकन गर्ने कन्ट्री गर्नुपर्ने दबाबमा नेपाल छ ।

पछिल्लो दशकमा पटक-पटक कुरा उठिरहेको कन्ट्री रेटिङको विषयमायो पटक भने सरकारले गरेरै छाड्ने प्रतिबद्धता जनाएको थियो । तर प्रतिबद्धता जनाउने अर्थमन्त्री प्रकाशशरण महत यतिबेला सरकामा छैनन् । उनले कन्ट्री रेटिङका लागि केही काम अघि बढाइसकेको पनि दाबी गरेका थिए। चालु आर्थिक वर्षको बजेटमा पनि सरकारले कन्ट्री रेटिङको विषय उठान गरेको थियो ।

आवश्यक प्रक्रिया अपनाएर रेटिङ गरे पनि रेटिङ कस्तो आउँछ भन्ने कुराले नेपालमा लगानी तथा ऋण आउने सम्भावनालाई तय गर्छ । यसले लगानीकर्ताको जोखिम मुल्यांकन गर्ने भएकाले लगानीकर्तालाई सहज हुन्छ। तर कन्ट्री रेटिङ हुँदैमा केही उथलपुथल नहुने विज्ञहरू बताउँछन् ।

नीतिगत अनुकुलता

चार दशकअघि नै नेपालमा प्रत्यक्ष विदेशी लगानी एफडीआईलाई नीतिगत रूपमै व्यवस्थित गर्ने प्रयास पनि भएको छ । 'विदेशी लगानी तथा प्रविधिसम्बन्धि ऐन २०३८' ले प्रत्यक्ष विदेशी लगानीलाई कानुनी मान्यता दिएको देखिन्छ । सोही ऐनका आधारमा 'विदेशी लगानी र एकद्वार नीति २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ लगायत नीति तथा ऐन प्रत्यक्ष वैदेशिक लगानीका लागि प्रचलित छन् ।

पछिल्लो डेढ दशकपछि त सरकारले संस्थागत रूपमा पनि लगानीका लागि केही प्रयास गरेको छ । 'पार्टनरसीप फर इकोनोमिक ट्रान्सफरमेसन'को मूल नारासहित सन् २०११ मा लगानी बोर्ड नेपालको गठन भएसँगै नेपालमा ठूलो लगानीको समन्यका लागि छुट्टै पहल भएका छन् । सो बोर्डको स्थापनापछि ठूलो लगानी ब्यवस्थित गर्ने काम लगानी बोर्ड र सानो तथा मझौला उद्योगका लागि लगानी व्यवस्थित गर्ने काम उद्योग विभागले गर्ने गरेको छ ।

कृषि तथा वन, ऊर्जा, पर्यटन, यातायात, सूचना प्रविधि, वस्तु उत्पादन, खनिज, स्वास्थ्य, शिक्षा र बैंकिङ्ग गरी १० क्षेत्रमा वैदेशिक लगानी खुल्ला गरिएको छ । यसमध्ये लगानीकर्ताको आकर्षण भने ऊर्जा र पूर्वाधार बढी देखिन्छ।

## नेपालीको...

कार्यालयले नेपालीको जीवनस्तर सुधि्रँदै गएको बताएको छ। कार्यालयका अनुसार घर तथा परिवारको अवस्था प्रतिवदेनमा ८६ प्रतिशत नेपाली परिवारले आफ्नो स्वामित्वको घर छ भने १२.८ प्रतिशतचाहिँ भाडाको घरमा बस्ने गरेका छन् ।

यस्तै करिब एक प्रतिशत परिवार सरकारी र संस्थागत कार्यालय र अन्य प्रकारको आवासीय घरमा बसेका छन्। एक तले सिमेन्ट र ईंटाले घर बनाउने नेपालीको संख्यामा वृद्धि हुँदै गएको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार सबैभन्दा धेरै करिब ६० प्रतिशत नेपालीका घरहरु एक तले बनेका छन् ।

२९ प्रतिशत २ तले, ९ प्रतिशत तीन तले र २ प्रतिशत चार भन्दा बढी तलाका घरहरु रहेको देखिएको छ । प्रदेशगत रुपमामधेशमा सबै भन्दा धेरै ८४ प्रतिशत, कोशीप्रदेशमा ६४ प्रतिशत र लुम्बिनीमा ६३ प्रतिशत एक तले घर बनेका छन् । १० वर्ष अघिसम्म सिमन्टको प्रयोग गरेर इँटा, ढुंगाले बनेका घर १८ प्रतिशतमात्र थियो ।

२०५८ को जनगणना अनुसार ३७ प्रतिशत परिवार पक्की घरमा बस्ने गरेका थिए तर, २० वर्षपछि २०७८ मा त्यस्ता घरको संख्या बढेर ७६.५ प्रतिशत पुगेको छ । पछिल्लो समयमा नेपालमा अर्धपक्की घरको संख्या १४ प्रतिशत पुगेको छ भने कच्ची घर ६३ प्रतिशतले घटेको देखिएको छ । तथ्यांकअनुसार सबै भन्दा बढी बागमतीमा ९६ प्रतिशत र गण्डकीमा ९३ प्रतिशत मानिस पक्की घरमा बस्ने गरेका छन् ।

## आफ्नै

कूल जनसंख्याको ५१ प्रतिशत परिवारले खाना पकाउन दाउराको प्रयोग गर्ने गरेका छन् भने ४४.३ प्रतिशतले खाना पकाउनका लागि एलपीजी सिलिण्डर ग्यासको प्रयोग गर्छन् । ९२ प्रतिशतको घरमा बिजुलीबत्तिको पहुँच पुगेको तथ्यांकले देखाएको छ ।

## आर्थिक...

भने सबै भन्दा कम ५७.३ प्रतिशत जनसंख्या मधेशमा सक्रिय छन्। १२ महिनामा ६ महिनाभन्दा बढी समय काम गर्ने वा काम खोज्ने आर्थिक रुपमा सक्रिय जनसंख्या ९३ प्रतिशत रहेको छ । जसमा पुरुष ९३.८ प्रतिशत रहेका छन् भने महिला ९२ प्रतिशत भन्दा बढी रहेका छन् ।

## फेमिसको...

सक्नेगरी फेमिस प्रणालीको सुधार गर्नेछु ।' मन्त्रालयको सूचना प्रविधि परामर्शदाताले विगत एक सातादेखि फेमिस प्रणालीको निगरानी गरिरहेको बताएको छ । सन् २०१६ मा विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्यांक राख्न, अनलाइन टोकन र श्रम स्वीकृति प्रदान गर्न सफ्टवेयर खरीद गरेको थियो । पटक-पटक समस्या आएपछि फेमिसको सुधार गर्न मन्त्रालयले यसअघि कार्यदल नै गठन गरेको थियो भने तत्कालीन महानिर्देशक मदन दहाल विभागबाट सरूवा हुनुमा अन्य कारणका अतिरिक्त फेमिसमा देखिएका समस्या समाधानमा उदासीन रहनुपनि एउटा कारण रहेको थियो । फेमिसमा देखिने समस्याका लागि प्राविधिकसँगै कर्मचारीको नियतमाथि पनि समाधान खोजिनुपर्ने कतिपयको माग रहेको छ ।


# यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION (MIDDLE)LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/१२/०४ चलानी नं.: ६०२१६६८२ LT. No.: 301739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | steel Fixer | 60 | 0 | | 1200 | ४३,२३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sagar Recruitment Pvt. Ltd.
Gov. Lic No. 895/067/068
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०/१२/०५ (18th march, 2024)

यस कार्यालयबाट मिति २०८०।१०।२१ र २०८०।११।१ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपशिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्युनतम बोलअंक कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपशिल बमोजिमका बोलपत्रहरु स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतको आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र स | ठेक्का नं | कार्यको बिवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिवृद्धि कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| 1 | BM/MOR/W/NCB-13-2080-81 | Rajmarga Dekhi Uttar Ramite Paryatakiya Chhetra Samma Drain Nirman Sukrapath Marga | Shimla Construction And Consultancy Pvt. Ltd. | 29,46,893.34 |
| 2 | BM/MOR/W/NCB-14-2080-81 | Construction of Mahendra Basic School Building | sandesh nirman sewa, koteshwor-35, kathmandu | 57,11,504.4 |
| 3 | BM/MOR/W/NCB-17-2080-81 | Krishi Bajar Nirman | Binu. Nirman Sewa Belbari | 13,07,842.25 |

प्रमुख प्रशासकीय अधिकृत

## बालिकाको उपचारका लागि वडाध्यक्ष शाहीको सहयोग



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ४ चैत

हुम्लाको सिमकोट गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष बलविर शाहीले उपचारका लागि आर्थिक सहयोग गरेका छन् ।

दुई वर्षअघि घरको छतबाट लडेर घाइते भइ उपचार अभावमा अपाङ्ग भएर बसेकी डाँडाफया गाउँकी माया विकलाई वडाअध्यक्ष व्यक्तिगत २५ हजार रुपैयाँ नगदसहित एक जोर कपडा सहयोग गरेका हुन् । उपचार गर्न काठमाडौं जानको लागि सदरमुकाम सिमकोट पुगेकी वि.कलाई वडा कार्यालयमा आइतबार वि.ककी आमा लालसरा वि.क र बुबा बल्जित कामीको हातमा आर्थिक सहयोग हस्तान्तर गरेको वडा अध्यक्ष शाहीले बताए । वि.क को घरको अवस्था दयनीय देखेर उक्त रकम सहयोग गरेको वडाध्यक्ष शाहीले बताए । उपचार गर्न वि.कलाई हुम्लादेखि काठमाडौंसम्म पुग्ने जहाज भाडा र खानाबस्न पुग्ने गरी आर्थिक सहयोग गरिएको हो । शुक्रबार डाँडाफया स्वास्थ्य चौकीका प्रमुख सन्तोष बोहराले सहयोगका लागि अपिल गर्दै सामाजिक सञ्जालमा वि.क को तस्विर पोष्ट गरेका थियो । वि.कको खुट्टाको उपचार बनेपास्थित अपांग बाल अस्पताल तथा पूनर्स्थापना केन्द्रमा हुने भएपछि हुम्लादेखि काठमाडौंसम्म लाग्ने खर्च स्वरुप उक्त रकम अध्यक्ष शाहीले सहयोग गरेको बालिकाकी आमाले बताइन् ।

बालिकाको उपचारपछि आर्थिक समस्या आएको खण्डमा आफ्नो नेतृत्वमा सहयोग अभियान नै चलाउने शाहीले प्रतिबद्धता व्यक्त गरेका छन् । वि.कलाई मात्रै नभएर आफ्नो वडाभित्र रहेका दुखी, गरिब, दलित आर्थिक विपन्नलाई सहयोग गर्ने उनले प्रतिबद्धता जनाए । यस्तै वि.कको उपचारका लागि सिमकोट गाउँपालिकाले २५ हजार रुपैयाँ आर्थिक सहयोग गरेको डाँडाफया स्वास्थ्य चौकीका प्रमुख बोहराले बताए । हुम्लाबाट अहिलेसम्म नगद ५५ हजार रुपैयाँ आर्थिक सहयोग उठेको प्रमुख बोहराले बताए ।

त्यस्तै बालिकाको लागि नेपाली कांग्रेस जिल्ला पूर्व सभापति जयपति रोकायाले पनि दश हजार सहयोग गरेका छन् । नेपाल सरकारका पूर्व सचिव भिम उपाध्यय लगायतको सामाजिक अभियन्ता टोलीले बालिकासहित उनका कुरुवा जानेलाई खानबस्न निःशुल्क व्यवस्था गर्ने छन् भने बालिकाको खुट्टाको उपचार पनि निःशुल्क हुने भएको छ । अझैं ती बालिकाको उपचारका लागि आर्थिक सहयोग गरिदिन स्वास्थ्यकर्मी बोहराले आग्रह गरेका छन् ।

## भूमि आयोग अर्घाखाँचीले ५ हजार बढी व्यक्तिको लगत तयार गर्दै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ चैत



राष्ट्रिय भूमि आयोग जिल्ला समिति अर्घाखाँचीले जिल्लाभित्र हालसम्म भएका भूमि आयोगले गरेका काम सार्वजनिक गरेको छ । समितिले सदरमुकाम सन्धिखर्कमा पत्रकार सम्मेलन गरी हालसम्म भएका काम र प्रगतिका बारेमा सार्वजनिक गरेको हो । भूमि आयोगका जिल्ला अध्यक्ष यादप प्रसाद घिमिरेले हालसम्म जिल्लामा भूमिहीन दलित, भूमिहीन सुकुमवासी, अव्यवस्थित बसोबासी र अधुरा अपूरा कामको लगत संकलनको काम अन्तिम चरणमा पुगेको जानकारी दिए । अर्घाखाँचीमा हालसम्म जिल्लामा भूमिहीन दलित २९६ जना, सुकुम्बासी १ सय ५० जना, अव्यवस्थित बसोबासी ४ हजार ६ सय ४२ जना गरी कुल पाँच हजार ८८ जना रहेको पत्रकार सम्मेलनमा जानकारी गराएका थिए ।

यस्तै काम सम्पन्न गर्न वडा कार्यालयहरु पालिकाहरुले फाइल अगाडि बढाएमा छिट्टै लालपुर्जा वितरण गर्ने तैयारीमा पुगेको आयोगका अध्यक्ष घिमिरेले बताए । आयोगमा ५ हजार ८८ लाभग्राहीको निवेदन प्राप्त भएको र प्राप्त निवेदन छानबिन गरी फिल्डमा पुगेर नक्सा तयार गर्ने, फिल्ड रिपोर्ट तयार पाने र सरोकारवालासँग छलफल गर्ने जस्ता महत्वपूर्ण कामहरु सम्पन्न गरिएको आयोगका सदस्य छमकुमारी खनालले जानकारी दिइन् । कतिपय वडाहरुमा लाभग्राहीले निवेदन दिन छुटेको भएफेरि पनि सूचना प्रकाशित गरी निवेदन लिन सकिने जिल्ला समितिका सदस्य खनालले जानकारी दिइन् ।

## अवैध लागुऔषध ब्राउनसुगरसहित ३ जना पक्राउ

**काठमाडौं/मस-** विभिन्न जिल्लाबाट लागुऔषधसहित तीन जना पक्राउ परेका छन् ।

मेचिनगर नगरपालिका-१३ बाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम २० मिलिग्रामसहित २ जनालाई शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बुद्धशान्ति गाउँपालिका-३ बस्ने २९ वर्षीय भिम बहादुर मगर र सोही गाउँपालिका-२ बस्ने २४ वर्षीय रोशन उपरकोटी रहेका छन् ।

इलाका प्रहरी कार्यालय धुलाबारी र लागुऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

**साइप्रसमा रोजगार** | कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT
शहर: LIMASSOL

पूर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१६६८० LT. No.: 301753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Assist | 4 | 0 | सम्बन्धित काममा दक्ष | 700 | १००,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | | 800 | ११५,२४८ | | | | | | | |
| 3. | Housekeeping Supervisor/chamberman /chambermaid/supervisor | 0 | 10 | | 700 | १००,८४२ | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 800 | ११५,२४८ | | | | | | | |
| 5. | Spa Therapist | 0 | 2 | | 800 | ११५,२४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Seasonal Manpower Company Pvt. Ltd.**
श्रम इजाजत नं ९८५/०६७/०६८
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोन: नं.: ०१–४९८०५३८
Email: seasonalmp@gmail.com
Mobile: 9851082831/ 9849616620

**तु- आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्न-लिखित कर्मचारी आवश्यकता भएको हुदाँ दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

| सि.नं. | पद | माग संख्या | |
|---|---|---|---|
| 1. | Public Relation Officer (PRO) | 4 F/M | Salary Negotiable |

सम्बन्धित क्षेत्रमा २ देखि ३ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।
योग्य उम्मेदवारले आफ्नो बायोडाटा, हालसालै खिचेको पासपोर्ट साइजको फोटो सहित इमेल मार्फत वा तलको फोन नम्बरमा सम्पर्क गर्नुहोस् ।

**D.A. HUMAN RESOURCE PVT. LTD.**
Kathmandu-31, Santinagar, Nepal
Tel : 01-5911493, 01-5911494
Email: job.dahumanresource@gmail.com
इजाजत नं. १३३४/०७५/०८०

## Kaudena Rural Municipality
Kaudena, Sarlahi
Madhesh Province

### Invitation for Bids

National Competitive Bidding
Notice Publication Date: 2080/12/05

| SN | Contract ID | Description of work | Estimated Amount Inclusive VAT |
|---|---|---|---|
| 1 | 2080/81/NCB/01 | Building Construction Works Debdhari Ma Vi Sundarpur | NRs 9341297/- |
| 2 | 2080/81/NCB/02 | Building and toilet construction of Shivnagar Pra Vi | NRs 4668983/- |

Note: for more details please visit PPMO website www.bolpatra.gov.np/egp

## पञ्चपुरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित सूचना मितिः- २०८०/१२/०५**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको सिलबन्दि दरभाउपत्र आह्वान गरिएको हुदाँ सिलबन्दि दरभाउपत्र आह्वानको सूचना नगरपालिको Website, https://panchapurimun.gov.np/ र https://www.bolpatra.gov.np/egp/ मा रहेको सूचना बमोजिम रहेको सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छ ।

**तपसिल**

| S. No. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Includive of VAT] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PMO/SKT/SQ/ /080/081-14(re) | The procurement of Chief Minister Employment Program's Local Construction Materials. | 9,62,736.02 | 24000 | 45 Days | 1000 | |

प्रमुख प्रशासकिय अधिकृत

## नौकुण्ड गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमति प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/१२/०५**

यस कार्यालयवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको **e-portal www.bolpatra.gov.np/egp** मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभाबग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्वजनिक खरीद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागी समेत जानकारी गराइएको छ ।

**तपसिल :**

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम Without VAT |
|---|---|---|---|---|
| 1 | Construction of Nuppu Water Supply Project | NRM/NCB/Works/ 06/080/81 | Kusaldev Nirman Sewa. | 3,776,447.80 |

प्रमुख प्रशासकीय अधिकृत

**मलेसियामा रोजगार** | कम्पनी : LHT GPAC TECHNOLOGY (M) SDN.BHD.
शहर: MALAYSIA, JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२३२४ LT. No.: 276652 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SONG LIN AGRI HORTI SDN. BHD. शहर: Malaysia, Pahang
पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०२०६११८ LT. No.:290894 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Harvesting & Post-harvest Workers | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com

## मुड्केचुला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
नर्कु, डोल्पा
कर्णाली प्रदेश नेपाल

### ठेक्का रद्द गरिएको सूचना

**प्रकाशित मितिः २०८०/१२/०५**

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयबाट मिति २०८०/१२/०२ मा मध्यान्ह राष्ट्रिय दैनिकमा ई- विडिङ मार्फत बोलपत्र आवहानका लागि सूचना प्रकाशन भएका तपशिल बमोजिमका ठेक्का, प्रकृयागत त्रुटि भएको हुदाँ मुड्केचुला गाउँपालिकाको मिति २०८०/१२/०४ गतेको कार्यपालिका बैठ्कको निर्णय बमोजिम उक्त ठेक्काहरु रद्द गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी अनुरोध छ ।

**तपशिलः**

| क्र.स | योजनाको नाम | ठेक्का नं. | कैफियत |
|---|---|---|---|
| १ | सर्मि देखि घुरेलि सम्म मोटरबाटो निर्माण | MRM/WORKS/NCB/08-080/081 | |
| २ | ओक्ट खोला लेख ओक्ट गाउँसम्म सडक निर्माण | MRM/WORKS/NCB/09-080/081 | |

प्रमुख प्रशासकीय अधिकृत



मध्यान्ह
www.madhyanhadaily.com
५ चैत २०८०, सोमबार
18 March 2024, Monday

## सम्पादकीय

## आवश्यक सावधानीको खाँचो

शनिबार आगलागीमा परेर भोजपुर हतुवागढी गाउँपालिका–७ मा तीन जना बालबालिकाको मृत्यु भएको छ । कारण खुल्न नसकेको आगलागीमा परेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको हो । भोजपुरमा अन्यत्र पनि आगलागी भइरहेको प्रहरीले जनाएको छ । भोजपुर मात्रै नभएर देशभर आगलागी भइरहेको छ । आगलागीबाट भइरहेको क्षतिको विवरण संकलन भइरहेको प्रहरीले जनाएको छ । यसअघि फागुन मसान्तसम्मको विवरण प्रहरीले संकलन गरेको छ । जसअनुसार तीन हजार ३६३ आगलागीका घटना भएका छन् । गत वैशाख यताको ११ महिनामा भएको आगलागीका घटनामा परी ९१ ज्नाको ज्यान गएको र ४४७ जना घाइते भएका छन् । चार हजार १३५ घरपरिवार आगलागीमा परेका छन् । जसको अनुमानित क्षति दुई अर्ब पाँच करोड रहेको प्रहरीले जनाएको छ ।

यो संख्या थप बढेर जाने अनुमान गर्न सकिन्छ । किनकि यो वर्ष आवश्यक वर्षा हुन सकेन । वर्षा नहुँदा सुख्खा मौसम आगलागीको मुख्य कारण हो । गृह मन्त्रालय अन्तर्गत रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वर्षा हुन जति ढिलाइ हुन्छ, उति नै आगलागीका घटना बढ्ने अनुमान गरेको छ । त्यसैले प्राधिकरणले आवश्यक सतर्कता अपनाउन सार्वजनिक अपिल गरेको छ । यद्यपि देशभर आगलागी भइरहेको छ । आगलागी हुनुमा कृतिम कारण धेरै छन् । मानवीय लापरबाहीका कारणले जंगल, घर र उद्योगहरू आगलागी हुने गरेको छ ।

आगलागी मानवीय असावधानी बाहेक प्राकृतिक कारणले पनि हुन सक्छ । विद्युतीय उपकरण, चट्याङ जस्ता कारणले आगलागी हुनु प्राकृतिक कारण हुन् । पक्कै पनि यस्ता प्रकोपलाई पूर्ण रूपले अन्त्य गर्न संभव हुँदैन । तर प्रकोप न्यूनीकरण र मानवीय तथा भौतिक क्षति हुन नदिन आवश्यक सावधानी अपनाउन सकिन्छ । त्यसका लागि आमरूपले सचेतना जगाउन जरूरी छ । तर वर्षेनि सुख्खा याममा आगलागी, वर्षा याममा बाढी, पहिरो र डुवान अनि चिसोमा शितलहर जस्ता प्रकोपले ठूलो संख्यामा नागरिकले ज्यान गुमाउँदै आएका छन् । जबकी अहिले मुलुकमा तीन तहको सरकार विद्यमान छन् । प्रकोप अथवा अरू समस्याबाट नागरिकको जीवन रक्षा गर्नु यी सरकारहरूका दायित्व हो । तर त्यो दायित्व पुरा गर्नेगरी आवश्यक अभियान चलाउने, प्रकोप भइसकेपछि उद्धार तथा पुनर्स्थापनाका निम्ति पूर्व तयारी गर्ने जस्ता काम प्रभावकारी हुन सकिरहेको देखिदैन ।

# बसाइँ सराईको कारण र असर

अग्रलेख



● चेतन अधिकारी

हिजोआज बसाइँ सराईले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरू जतातत्तै सुन्न र हेर्न पाइन्छ । मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरूलाई के नपुगेर बसिरहेको ठाउँबाट हिँडेका हुन् वा के पाइन्छ भनेर नयाँ-नयाँ ठाउँ खोज्दै भौँतारिएका हुन् ? यस्ता प्रश्नहरूलाई यतिबेला मञ्चको अवस्था हेरी फरक-फरक तरिकाले प्रस्तुत गरिने गरेको छ । पहिला-पहिला सुनिने "जन्मदर घटाऔँ, दुई मात्र सन्तान जन्माऔँ" भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे । यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र । सरसर्ती हेरौँ नेपालीहरू कसरी बसाइँ सराईको परम्परागत मार्ग पछ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन् ।

### प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्रसम्मका दृश्य

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौं श्रृंखला २००९/११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भू-भागमा कूल जनसंख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिसहरू बस्दथे । प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरु गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसंख्या घटेर तराईमा बस्ने जनसंख्या बढ्न थाल्यो । यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ ।

विसं २०२८ देखि हिमाल र पहाडको जनसंख्यालाई अलग-अलगरूपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसंख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए । तराईमा ३७.६ प्रतिशत मानिसको बसोबास थियो । २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलोपटक अल्पमतमा रहेको देखायो । यसबेला पहाडको जनसंख्या अघिल्लो दशकमा भन्दा करिब छ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो । यसको ठीक विपरीत तराईको जनसंख्याको हिस्सा अघिल्लो दशकभन्दा छ प्रतिशत नै बढ्यो । अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसंख्या पनि उसैगरी ओरालो लाग्ने क्रममा देखियो । अघिल्लो दशकमा ९.९ प्रतिशत जनसंख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशत मात्र मानिस देखिए ।

### प्रजातन्त्रको पुनर्स्थापनापछि पनि अवस्था उस्तै

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि अर्थात् २०४८ जेठ-असारमा नयाँ जनगणना भयो । यसले पनि जनसंख्या वितरणको पुरानो प्रवृति अर्थात् तराई उन्मुख जनसंख्याको वृद्धिदर उच्च नै देखायो । पहाडको हिस्सा घट्दै गएको तस्बिर यसले सार्वजनिक गऱ्यो । २०४८ सालमा पहिलो पटक तराईमा पहाडमा भन्दा बढी जनसंख्या देखियो । यो वर्ष पहाडमा जनसंख्याको ४५.५ प्रतिशत र तराईमा ४६.७ प्रतिशत जनसंख्याको बसोबास देखिन्छ । माओवादीको सशस्त्र द्वन्द्वको चरम उत्कर्ष समय अर्थात् २०५८ सालमा भएको जनगणनामा पहाडको जनसंख्याको हिस्सा घटेर ४४.३ प्रतिशतमा झऱ्यो भने तराईको ४८.४ मा पुग्यो ।

यसै वर्षदेखि पहाडका केही जिल्ला अब ऋणात्मक वृद्धिदरतर्फ जाँदैछन् भन्ने संकेत मिलिसकेको थियो । देशको औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत भएको यो समयमा तेह्रथुम, खोटाङ, पर्वतजस्ता जिल्लाको जनसंख्या वृद्धिदर एक प्रतिशतभन्दा न्यून देखियो ।

### गणतन्त्र स्थापनापछि झन् ठूलो लर्को

नेपालमा गणतन्त्र आइसकेपछि पहिलोपटक २०६८ सालमा जनगणना भयो । नेपालमा जनगणना सुरु भएको एक शताब्दी पुगेको अवसरमा यो जनगणना भएको थियो । यस जनगणना हिमाली र पहाडी क्षेत्रका लागि सुखद् देखिएन । यस पटक एकैचोटी २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो । यसरी जनसंख्या क्षति व्यहोर्ने जिल्लाहरू मध्यपहाडी क्षेत्रका धेरै थिए । यसपटक पूर्वमा पाँचथरदेखि पश्चिममा धौलागिरी पूर्वका जिल्लामा ठूलो मात्रामा जनसंख्या कमी भएको देखियो । यस जनगणनामा तराईमा पहिलो पटक नेपालको आधाभन्दा बढी जनसंख्या रहेको तथ्यांक सार्वजनिक भयो । यहाँ पहाडमा ४३ प्रतिशत जनसंख्या हुँदा तराईमा ५०.३ प्रतिशत जनसंख्या देखियो । यो तथ्यांकले एकैचोटि दुईवटा प्रश्न जन्मायो । राजतन्त्रको अन्त्यसँगै मानिस राजनीतिक अधिकार पाए । नेपालीको स्वतन्त्रताको सीमा पनि बढ्यो । यसमा खुसी हुनुपर्ने कारण पनि थियो । तर किन मानिस पहाडी र हिमाली क्षेत्रको परम्परागत थातथलोलाई छोडेर नयाँ गन्तव्यतिर लागेका हुन् ? अर्कोतिर तराईको उर्वर भूमिमा मानिसहरूको चाप बढ्दै गएपछि त्यहाँको अन्न भण्डारमा घरैघर हुने भए । पहाडमा मानिस नबसेर खेतबारी बाँझा भए । यसले खाद्यान्नको परनिर्भरतालाई थप मलजल हुने स्थिति देखियो । दोस्रो यही रितले मानिसहरूले पहाडबाट बसाइँ सर्दै तराईतिर झर्ने हो भने पहाडको भविष्य के हुन्छ ? हिजो कुनै बेला औलो र जंगली जनवारका कारणले तराई क्षेत्र बस्न अयोग्य भए जस्तै मानिसहरू छोड्दै गएपछि जंगल र जंगली जनावरको बिगबिगीका कारणले मानिस बस्न योग्य होला त ? यसै समयदेखि पहाडमा बाँदर आतंकका समाचारहरू आउन थाले । यो विषय अहिले संसद्मा पनि पटक-पटक उठ्ने गरेको छ । विसं २०७८ मा नेपालले संघीय लोकतान्त्रिक गणतन्त्र अवलम्बन गरेपछि पहिलो जनगणना थियो । यसले जनसंख्या वितरणको भौगोलिक परिवेशलाई झनै विकराल देखायो । यसपटक तराईको जनसंख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भयो । त्यति मात्र होइन, अघिल्लो दशकमा ऋणात्मक जनसंख्या भएका २७ वटा जिल्ला रहेकामा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसंख्या ऋणात्मक वृद्धितर्फ गए ।



*स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन् । फलतः मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे । सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायीरूपमा बसाइँ सर्दैछन् ।*

अघिल्लो दशकमा धौलागिरी पूर्वको पहाडले भोगेको जनसंख्या क्षति यस पटक लुम्बिनीका रोल्पा, रुकुम र कर्णालीका जाजरकोटबाहेक सुदूरश्चिम पहाडसम्म नै यो प्रवृत्ति फैलियो । अघिल्लो दशकमा दुई लाख ६१ हजार सात सय ७० जनसंख्या र १.५० प्रतिशत वार्षिक जनसंख्या वृद्धिदर भएको दैलेख २०७८ मा आइपुग्दा दुई लाख ५२ हजार तीन सय १३ जनसंख्या र ०.३५ प्रतिशतको वृद्धिदरमा झऱ्यो । २०६८ को दशकसम्म बाह्य बसाइँ सराईको रोगले नछोएको सुदूरपश्चिम पहाड २०७८ सालमा आइपुग्दा यही रोगबाट आक्रान्त भयो । त्यसबेलाको पहाडी क्षेत्रको गुल्जार कस्तो थियो भन्ने कुरा डोटी जिल्लाको एउटा तथ्यांकबाट अनुमान लगाउन सकिन्छ । त्यहाँ २०५८ सालमा दुई लाख सात हजार ६६ जनसंख्या थियो भने जनसंख्या वृद्धिदर २.२ प्रतिशत थियो । २०६८ सालमा यो जनसंख्या दुई लाख ११ हजार सात सय ४६ पुग्यो भने जनसंख्या वृद्धिदर ०.२२ प्रतिशतमा सीमित भयो । २०७८ सालमा त यो जनसंख्या घटेर दुई लाख ४२ हजार एक सय ५७ मात्र भएन वृद्धिदर पनि घटेर -०.३२ प्रतिशतमा झऱ्यो ।

### मानिस किन बसाइँ सर्छ ?

## भारतको सय भन्दा बढी हलमा 'रंगेली' रिलिज हुने




**काठमाडौं/मस-** चलचित्र 'रंगेली' अब भारतमा हिन्दी भाषामा रिलिज हुने भएको छ । युसुफ शेखको नेतृत्वमा रहेको भारतको वितरण कम्पनी एन मुभिज र जनता सिनेमाले वितरण अधिकार लिएको छ । भारतका एक सयभन्दा बढी सिनेमा हलमा फिल्म रिलिज हुनेछ। चलचित्र हिन्दी अनुवादको काम मुम्बईमा भइरहेको र छिट्टै भारतमा रिलिज हुने मिति सार्वजनिक गरिने कार्यकारी निर्माता जीतेन्द्र खतिवडाले बताए । एन मुभिजले 'हनुमान', 'पेज ३', 'मलामाल वीक्ली', 'कर्पोरेट', 'ट्राफिक सिग्नल', 'जन्नत', 'न्युटन' जस्ता धेरै भारतीय फिल्मको वितरण गरिसकेको छ । एन मुभिज र जनता सिनेमाले विश्वका ८० भन्दा बढी देशहरूमा फिल्म वितरण गर्दै आएको छ । चलचित्रमा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, सुन्दर धिताल, रुपेश झालगायत कलाकारको अभिनय छ । संसार चौलागाईं र रमेश भट्टराई निर्माता रहेको फिल्ममा युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता छन्। फिल्मलाई सुशन प्रजापतिले छायांकन गरेका हुन् ।


**प्रसौनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठवरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घर भन्दा टाढा राखौं ।

**आदर्श कोतवाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
महेन्द्र आदर्श, बारा
मधेश प्रदेश, नेपाल

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, कावासोती शाखाको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/१२/०५ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| डिल्लु वि.क.को नाती, तुल बहादुर वि.क.को छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **रिप लाल वि.क. ।** |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| राम बहादुर वि.क.को छोरी, रिप लाल वि.क.को पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **श्रीमती सुमित्रा कुमारी वि.क. ।** |
| **धितो सुरक्षणको विवरण :** |
| **रिप लाल वि.क.को** नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा वडा नं. ६ग को कित्ता नं. १०८९ को ०-३-१४-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक**
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**Absolutely Zero Cost Recruitment Oppurtunity In Jordan**
**पूर्णतया शुन्य लागत अन्तरगंत जोर्डनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **CLASSIC FASHION APPAREL INDUSTRY LTD CO.** शहरः Jordan,Irbid
पूर्व स्वीकृत मितिः२०८०/१२/०२ चलानी नं.:६०२१६६७२ LT. No.: 301725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 0 | 300 | स. काममा दक्ष | 220 | ४१,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- रोजगारदाताले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**SCC Manpower Company Pvt. Ltd.**
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com
Govt. Lic. No. 487/061/062

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कर्यालय, मोरङ्ग

**जिल्ला प्रशासन कार्यालय मोरङ्गबाट जारी भएको ३५ दिने सूचना**

प्रकाशित मिति : २०८०/१२/०५

जिल्ला मोरङ्ग विराटनगर महानगरपालिका वडा नं. ०२ बस्ने दामोदर प्रसाद आचार्यको छोरी सुमिता आचार्यको नाउँमा जिल्ला प्रशासन कार्यालय मोरङ्गबाट मिति २०५२/०४/३१ मा ना.प्र.नं. २०५८६ को नेपाली नागरिकता प्रमाण पत्र जारी भएको र निजले 12 Nov, 2021 PP No. 3604804 नं. को E-Passport Australia बाट जारी भएको पासपोर्टको प्रतिलिपि समेत सम्लग्न राखी दोहोरो नागरिकतामा कार्वाही गरिपाँउ भनि निवेदन पेश हुन आएकोले तपाईले नेपाली नागरिकता र अष्ट्रेलियाको पासपोर्टको सम्बन्धका विषयमा के हो ? तपाई नेपाली नागरिक हो वा अष्ट्रेलियाको नागरिक हो ? नेपाली वा अष्ट्रेलियन दोहोरो राष्ट्रियताको सम्बन्धमा वास्तविकता के हो ? अन्य खुल्ने प्रमाण कागज भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसँग भएको प्रमाण लिई उपस्थित हुन आउनु होला । म्याद गुजारी बसेमा कानुन बमोजिम हुनेछ ।

**KUWAIT मा रोजगार** | कम्पनी : **AHMAD & BODOUR GENERAL TRADING CO.** शहर : KUWAIT
पूर्व स्वीकृत मितिः२०८०/०३/१० चलानी नं.:६०२०३६९१ LT. No.: 288444 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sous Chef | 4 | 0 | सम्बन्धित काममा दक्ष | 190 | ८१७९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mezza Chef | 3 | 0 | | 225 | ९६८६० | | | | | | | |
| 3. | Head Chef | 3 | 0 | | 350 | १५०६७१ | | | | | | | |
| 4. | Waiter | 4 | 0 | | 140 | ६०२६८ | | | | | | | |
| 5. | Resturant Helper/Cleaner | 5 | 0 | | 120 | ५१६५८ | | | | | | | |
| 6. | Steward | 5 | 0 | | 100 | ४३०४९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ देखि १८ गते सम्म (21 to 31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NEPAL MANPOWER PVT. LTD.**
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841553820,9741662084,9808903720, 9741662083.
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np
Govt.Lic.No. 1099/073/074

**यूएई र कुवेतमा रोजगारको अवसर**

कम्पनी : **ASTREA FURNITURE AND DECOR FACTORY LLC** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६६०१ LT. No.: 301657

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Foreman | 3 | 0 | स. काममा दक्ष | 1500 | ५४०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Finishers | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 3. | Duct Technician | 2 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 4. | Finishing Carpenter | 20 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 5. | Finishing Masons | 4 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 6. | Heavy Equipment Mechanics | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 7. | Hvac Technician | 2 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 8. | Masons | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 9. | Mechanic Auto Electrician | 2 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 10. | Pipe Fitter | 5 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 11. | Pipefitter | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 12. | Plumber | 2 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 13. | Roofer And Water Proofer | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 14. | Shuttering Carpenter | 1 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 15. | Ss Welder/copper Welder | 5 | 0 | | 1200 | ४३२३६ | | | | | | | |
| 16. | Steel Fixer | 5 | | | 1200 | ४३२३६ | | | | | | | |
| 17. | Tailor | 2 | | | 1200 | ४३२३६ | | | | | | | |
| 18. | Tile Mason | 1 | | | 1200 | ४३२३६ | | | | | | | |
| 19. | Upholstery | 2 | | | 1200 | ४३२३६ | | | | | | | |
| 20. | Wood Spray Painters | 5 | | | 1200 | ४३२३६ | | | | | | | |

कम्पनी : **COOKIE DOUGH RESTAURANT & CAFE** शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/१२/२२ चलानी नं.: ६०१९९४२८ LT. No.: 283975 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 8 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१६५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 8 | 0 | | 150 | ६४५७३ | | | | | | | |
| 3. | Restaurant Worker | 8 | 0 | | 120 | ५१६५८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | यूएईको निःशुल्क कुवेतको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Nepal International Overseas Pvt.Ltd.**
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu. Tel No: 01-5901301,5906301
Mobile No: 9818422157, 9851043059. Email: niop12017@gmail.com, info@niopl.com
Website: www.nepaloverseasgency.com
Lic No: 623/063/064

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्ने इजाजत प्राप्त यस **सन लाइट हयुमन रिसोर्स प्रा.लि** : श्रम इजाजत पत्र न ६८९/०६३/६४ मा कार्यरत निम्न कर्मचारिहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बधित सबैमा जानकारी गराइन्छ । साथै उहाहरुले सो इच्छाले कम्पनिमा राजीनामा दिनुभएको हुँदा मिती २०८०/११/०४ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बधित सबैमा जानकारि गरिन्छ । साथै निजसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजानिक सूचना जारि गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

| सि न | कर्मचारीको नाम | नागरिकता न |
|---|---|---|
| 1 | Pushpa Lamichhane | 17833 |
| 2 | Suraj Bishunkhe | 35-01-75-03741 |
| 3 | Nira Masrangi | 13142677 |
| 4 | Arjun Chaudhary | 262026/246 |
| 5 | Suman Bishunkhe | 35-01-74-0037 |
| 6 | Binod Khadka | 11145 |
| 7 | Pinky Dutta | 271060111374 |
| 8 | Anand Dhungana | 1726 |
| 9 | Chandra Bahadur Gharti Chhetri | 1075 |
| 10 | Anjita Baral | 19-02-75-03797 |
| 11 | Sita Lama | 301025/176382 |

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३
Lic No. 689/063/064

**मलेसियामा रोजगार** | कम्पनीः **GUAN SENG FRESH FOODS SDN.BHD**
पूर्व स्वीकृत मिति : २०८०/०८/१४ चलानी नं. : ६०२१०८२४ LT. No.: 295733 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SEMI CONVERTOR INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृत मितिः २०८०/०३/१७ चलानी नं.: ६०२०४०८९ LT. No.:288774 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Grand Pearl International Pvt.Ltd.**
Basundhara 3, Kathmandu, Nepal Tel.:014975660 Email:grandpearl555@gmail.com
Mobile: 9851043031, 9867893930 website:grandpearlintl.com
Govt. Lic. No. 1555/079/080

# सिमकोटमा हक्की खेल मैदान निर्माण गरिँदै



**ओबराज शाही/मध्यान्ह**
हुम्ला ४, चैत

हुम्ला सदरमुकाम सिमकोटमा हक्की खेल मैदान निर्माण गरिने भएको छ।

कर्णाली प्रदेश खेलकुद विकास परिषदको लगानीमा राष्ट्रिय प्रतियोगिता सञ्चालनका लागि उक्त खेल मैदान निर्माण गर्न लागिएको हो। खेल मैदानको कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले एक कार्यक्रमकाबीच शिलान्यास गरेका छन्। शिलान्यास कार्यक्रममा उनीसहित परिषद्का सदस्य टक्कबहादुर शाही, सल्यानको सारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारी समेत सहभागी थिए।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत कर्णाली प्रदेश खेलकुद विकास परिषदले हक्की खेल प्रतियोगिताको आयोजना हुम्लामा गर्ने छ। कर्णाली प्रदेशबाट हक्कीका सबै खेलाडीहरु हुम्ला जिल्लाका रहेका छन्। जसका लागि परिषदबाट खेल मैदान निर्माणका लागि बजेट व्यवस्था गरेर खेल मैदानको निर्माण कार्य शुरु गरिएको हो।

आगामी असार २० गते सम्पन्न गर्ने गरी परिषद्ले ७१ लाख ८५ हजार रुपैयाँ लागत लाग्ने गरी निर्माण सेवासँग सम्झौता भएको परिषदका इञ्जिनियर कर्मा बहादुर शाहीले जनाए। निर्माण कम्पनीले सम्झौता मिति भन्दा अगाडि नै निर्माण कार्य सम्पन्न गर्ने जनाएको छ। निर्माण कम्पनीले खेल मैदानको ग्याविन लगाउने, जमिन सम्याउने र दुबो लगाउने कार्य गर्ने जनाइएको छ। यसका लागि एक करोड ४७ लाख बजेटको व्यवस्था गरिएको भएपनि टेण्डरबाट घटीघटाउ गर्दा लागत घटेको छ।

# दुर्गा भगवती 'पालिका कप २०८०' दोस्रो चरणमा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ चैत

क्रिकेट संघको आयोजनामा गौरस्थित राइस मिल्सको मैदानमा भइरहेको 'पालिका कप २०८०' पहिलो संस्करणको १७ खेलमा दुर्गा भगवतीले देवाही गोनाहीलाई ७ विकेटले पराजित गरेको छ।

आइतबार १ बजेदेखि शुरु भएको पालिका कपमा देवाही गोनाहीले टस जितेर पहिलो ब्याटिङ गर्ने निर्णय गलत सावित भयो। दुर्गा भगवतीको घातक बलिङ सामु १६.५ ओभरमा सबै विकेट गुमाइ ६९ रन बनाएर जितको लागि ७० रनको चुनौती दुर्गा भगवती समक्ष दिए। प्रतिउत्तरमा दुर्गा भगवतीको टिमले ११.४ ओभरमा ३ विकेटको क्षतिमा ७२ रन बनाएर ७ विकेटबाट देवाही गोनाहीलाई पराजित गर्दै दोस्रो चरणमा सजिलै प्रवेश गर्न सफल भएका हुन्।




दुर्गा भगवतीका लागि पहिलो विकेटका लागि कमलेश दास तथा सत्यम सिंहले ३५ रनको ओपनिङ साझेदारी गरेका थिए। दासले २३, सिंह १०, रितिक गुप्ता १७ जितेन्द्र दास दुवै अविजित रहँदै आफ्नो टिमलाई जिताए। जितेन्द्र रामले मात्रै २ रन बनाए। यस्तै देवाहीकोतर्फबाट राधेश्याम यादव १६ र रोशन गुप्ताले १३ रन बनाए भने अन्य कुनै ब्याटर दोहोरो अंकमा पुग्न सकेनन्।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०४/१७ मा दर्ता भएको **प्रा.लि.नं. १३७७०९** को **कोहलपुर एनर्जी एण्ड गोवरग्यास कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०५/२२ मा दर्ता भएको **प्रा.लि.नं. २९८५७७** को **पोखरा बी रिसर्च प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## भूल सुधार

मिति २०८०/१२/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगारको अवसर शिर्षक, कम्पनी नाम: **Asiana Hospitality And Services**, L.T. No.: **301664,** चलानी नं.: **६०२१६६१२, पूर्व स्वीकृत मिति: २०८०/१२/०१** को विज्ञापनमा **General Clean worker** मा पुरुष २ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बतिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५५४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com

## डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगर, सुर्खेतको

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८०।१२।०५**

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने विभिन्न राष्ट्रिय वन क्षेत्रभित्र रहेका रुखहरु नियमानुसार कटान, मुछान भई उत्पादित विभिन्न लटमा राखिएका तपसिलमा उल्लेखित जात र परिमाणका काठ सम्बन्धित घाटगद्दी स्थानमा घाटगद्दी गरी राखिएको र लिलाम प्रक्रियाबाट विक्रि वितरण गर्नुपर्ने भएकाले उक्त काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान ईच्छुक व्यक्ति/फर्म/संस्था तथा काठ व्यवसायीहरुले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालय सुर्खेत वा प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतबाट सिलबन्धी बोलपत्र खरिद गरी १६ (सोह्र) औं दिनको मध्यान्ह १२:०० बजेसम्म दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्पर्क नं ०८३-५२०२५५ वा ईमेल: surkhetdfo@gmail.com मा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपसिल:**

| लट | उत्पादित क्षेत्र | काठको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जात | ग्रेड | थान | परिमाण (क्यू.फिट) | |
| ०८०।०८१।०४ | श्री डल्लेगोठेरी राष्ट्रिय वन क्षेत्र, भरीगंगा न.पा.२, सुर्खेत। | खयर | | ३२४ | ३५७.८३ | घाटगद्दी स्थान: भेरीगंगा-२, सिस्नेरी। |
| जम्मा | | | | ३२४ | ३५७.८३ | |

**श्री डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगर**

## कुवेतमा रोजगार | कम्पनी : Mohammad Al Jarrallah Equipments And Petroleum Services Co

शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०८/२१ चलानी नं.: ६०२११०९५ LT. No.: 295761 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Boom Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 65 | 0 | | 160 | ६८,८७८ | | | | | | | |
| 3. | Helper | 40 | 0 | | 95 | ४०,८९७ | | | | | | | |
| 4. | Loader Operator | 30 | 0 | | 160 | ६८,८७८ | | | | | | | |
| 5. | MOBIL CRANE OPERATOR | 60 | 0 | | 180 | ७७,४८८ | | | | | | | |
| 6. | Rigger | 15 | 0 | | 110 | ४७,३५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**New S.V. International Pvt. Ltd.**
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
015913575, E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np


## Provincial Government
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
# Infrastructure Development Office, Morang

**Construction of various Roads in Morang District.**

**First Date of publication: 05th Chaitra, 2080 (18th March, 2024)**

1. Infrastructure Development Office, Morang invites online bids for the Upgrading of various roads in Morang and Sunsari Districts.

| S. N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Bhati Beldangi Shiv Mandir dekhi purwa Saisaadevi Krishi Form Gate sammako Sadak , Budhiganga, Morang | IDO/MOR/NCB/RW-236/080-81 | 3000 | 96,000 | 34,26,584.44 |
| 2 | Construction of Jalpapur Simana Dekhi Harinagara 3 Gautampur Ko Bato Syphon Hudai Agadi Ko Pitch Bato Jodne Harinagara Ga.Pa. Ward no.3 ko bato, Sunsari | IDO/MOR/NCB/RW-237/080-81 | 3000 | 1,20,000 | 42,50,467.85 |
| 3 | Construction of Karamdanda Bata Kuwa Sadak Marmat Tatha Pul, Belbari, Morang | IDO/MOR/NCB/RW-238/080-81 | 3000 | 1,32,000 | 36,40,677.27 |
| 4 | Upgrading of Ganesh Mandir Dekhi Khanepani Tank Sama Sadak, Biratnagar, Morang | IDO/MOR/SQ/RW-239/080-81 | 3000 | 48,000 | 16,93,271.78 |
| 5 | Upgrading of Shree gaun dekhi danabari hudai hardiya samma sadak, Dharan, Sunsari | IDO/MOR/NCB/RW/RE-36/080-81 | 3000 | 60,000 | 25,50,404.01 |
| 6 | Upgrading of Koshi Rajmarg Dhat Dekhi Purbha Sip Bikash Prasikshan Kendra Janey Bato, Biratnagar-3, Morang | IDO/MOR/NCB/RW/RE-151/080-81 | 3000 | 72,000 | 25,50,081.79 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's WebSite http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2080/12/26 (08th April, 2024)
4. Submission and Opening of bid

**Last date of bid submission** : **2081-01-06 (18th April, 2024)**
: **Till 12:00 Noon**
**Bid Opening** : **2081-01-06 (18th April, 2024)**
: **13:00 Hrs**

5. Account Details for Bid Security

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar**
**Office Account no.** : **2120100202030000**
**Office Code no.** : **3370113011**

6. Account Details for Bid Document Fee

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Infrastructure Development Office, Biratnagar**
**Office Account no.** : **1000100201010001**
**Rajaswa (revenue) Shirshak no. : 14229**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

## बोगटान फुड्सिल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

**वोलपत्रको आशय पत्र सम्बन्धी सूचना**

**प्रकाशित मिती : २०८०।१२।०५**

यस वोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यापालिकाको आ.व. २०८०।०८१ अर्न्तगत मष्टेश्वर मा.वि. भवन निर्माण कार्यका लागि मिति २०८०।११।०१ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल वमोजिमको वोलपत्र स्विकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल :**

| ठेक्का न. | कामको विवरण | निर्माण व्यवसायी | कवोल रकम |
|---|---|---|---|
| 02/BRRM/NCB//2080/81 | मष्टेश्वर मा.वि. भवन निर्माण कार्य | Betal Bhagawati Nirman Sewa Kedarseu-1, Bajhang | रु. ९७,२१,५१२।०४ मु.अ.क. सहित |

**प्रमुख प्रशासकिय अधिकृत**

## भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रूकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८०/१२/०५**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व २०८०/०८१ वार्षिक वजेट अनुसार मिति २०८०/११/०३ गतेको राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | EGP/BRMO/SQ/G-3/EI/2080-81 | Procurement and supply of Laptops for Bhume Rural Municipality Office Re. | श्री HM Group of Compny Pvt.Ltd , Kathamandu-22, Newroad, Kathmandu | रु.४ ,३१,६६०।- (चार लाख एकतीस हजार छ सय साठ्ठी रुपैयां मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# मुलुकको सार्वजनिक ऋण झण्डै २४ खर्ब

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ४ चैत ।

नेपालको सार्वजनिक ऋण २३ खर्ब ८८ अर्ब रुपैयाँ पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष (आव) २०८०/८१को फागुन मसान्तसम्ममा दुई खर्ब १८ अर्ब ८६ करोड रुपैयाँ ऋण थपिएर २३ खर्ब ८८ अर्ब २६ करोड रुपैयाँ पुगेको हो । गत आवको असारमसान्तसम्म २२ खर्ब ९५ अर्ब ४३ करोड रहेको नेपालको सार्वजनिक ऋण रहेको थियो ।

समीक्षा अवधिमा सरकारले साँवा भुक्तानीमार्फत् १ खर्ब २६ अर्ब ३ करोड रुपैयाँ भुक्तानी गरेको छ । कार्यालयको तथ्यांकअनुसार फागुन मसान्तसम्म ११ खर्ब ८५ अर्ब आन्तरिक र १२ खर्ब २ अर्ब वाह्य ऋण पुगेको छ । जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको ४४ प्रतिशत हो ।




सरकारले चालु आवमा दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ वाह्य ऋण लिने लक्ष्य राखेकोमा मध्यावधि समीक्षामार्फत् सो लक्ष्यलाई घटाएर एक खर्ब ८० अर्ब ६७ लाखमात्र प्राप्ति हुन सक्ने संशोधित अनुमान गरेको छ । तरपनि अहिलेसम्म सरकारले प्राप्त गरेको बाह्य ऋणको तथ्यांक हेर्दा संशोधित अनुमानको लक्ष्य समेत प्राप्त नहुने अवस्था देखिएको छ । किनकी चालु आवको आठ महिना अवधिमा सरकारले जम्मा ५५ अर्ब ५५ करोड रुपैयाँ मात्रै बाह्य ऋण प्राप्त गरेको छ ।

सरकारले चालु आवको आठ महिनामा ऋणको सावाँ भुक्तानीमा एक खर्ब २६ अर्ब तीन करोड खर्च गरेको छ । जसमध्ये आन्तरिक ऋणको साँवा भुक्तानीमा मात्र एक खर्ब दुई अर्ब र वाह्य ऋणको साँवा भुक्तानीमा २३ अर्ब छ करोड रुपैयाँ खर्च भएको छ ।

मुलुकको सार्वजनिक ऋणको परिमाण बढ्दै जाँदा प्रतिव्यक्ति ऋणको हिस्सा पनि बढ्दै गएको छ । फागुन मसान्तसम्मको नेपालको कुल सार्वजनिक ऋणलाई २०७८ सालको जनसंख्यामा भाग लगाउँदा लगाउँदा ८१ हजार ८ सय ८९ रुपैयाँ पुगेको छ ।

## अर्थमन्त्री पुनको दाबी:
# अर्थतन्त्र संकटबाट बाहिर छ



**काठमाडौं/मस-** अर्थमन्त्री वर्षमान पुनले अर्थतन्त्र संकटबाट पार भएको बताएका छन । नागरिक लगानी कोषको ३४औं वार्षिकोत्सवका अवसरमा अर्थमन्त्री पुनले अर्थतन्त्रका बाह्य सूचक राम्रो हुँदा समग्रमा अर्थतन्त्र संकट बाहिर रहेको बताए । एक वर्षभन्दा बढीका लागि वस्तु तथा सेवाको आयात धान्ने विदेशी मुद्रा सञ्चिति रहेको, बैंकहरुमा लगानी योग्य रकम (तरलता) पर्याप्त रहेको तथा विप्रेषणमा नयाँ रेकर्ड कायम हुनुले आगामी दिनमा नेपाली अर्थतन्त्रको भविष्य राम्रो रहेको उनको भनाइ छ ।

'गत वर्ष ७ महिनाका लागि मात्र धान्ने विदेशी मुद्राको सञ्चिती हुँदा श्रीलंका हुन्छ भनिएको थियो, सरकार सञ्चालन गरिहरेको राजनीतिक नेतृत्वले त्यतिबेला हामी श्रीलंकाको बाटोमा छैनौं भनेर आस्वस्त पारेको थियो', पुनले भने, 'बैंकिङ तरलता बढेर बैंकहरु लगानीको क्षेत्र खोजिरहेका छन् ।' यद्यपि अर्थतन्त्रमा केही शिथिलता भने रहेको उनले स्वीकार गरे । विकसित भनिएका र नेपालभन्दा विकास र अर्थतन्त्रमा धेरै अगाडि बढिसकेका संसारका कुनै पनि मुलुक समस्यारहित नरहेको चर्चा गर्दै पुनले नेतृत्वले संकटकै समयमा आफ्नो क्षमता र आत्मविश्वास देखाउनुपर्ने उल्लेख बताए ।

अर्थमन्त्री पुनले पूर्व अर्थमन्त्रीहरुले अघि सारेका राम्रा र सकारात्मक कामलाई निरन्तरता दिने प्रतिबद्धता बताएका छन् । ६० लाख जनसंख्या संलग्न धितोपत्र बजारमा सुधारका लागि आफूले सरोकारवालासँग सुझाव मागेको र सुझावहरु प्राप्त भइरहेको उनले बताए । विगतमा अर्थतन्त्र संकटमा रहेका बेला लिइएका कतिपय नीतिमा खुकुलो बनाउने गरी मन्त्रालय र नियामक निकायबीच छलफल चलिरहेको उनले जानकारी दिए । नेपाल मानव विकास सूचकांकमा विश्वका कतिपय विकसित मुलुकको हाराहारी र दक्षिण एसियामा सबैभन्दा अगाडि भएको विश्वव्यापी रिपोर्ट सार्वजनिक भइरहँदा पनि नेपालमा केही छैन, केही हुँदैन भन्ने हल्ला गरिनु दुःखद रहेको उनको भनाइ छ ।

## महालक्ष्मी विकास बैंकको सेमिनार सम्पन्न

**काठमाडौं/मस-** महालक्ष्मी विकास बैंकले सौराहामा दुई दिने कार्यशाला गोष्ठी तथा सेमिनार सम्पन्न गरेको छ । बैंकले संस्थाका उच्च व्यवस्थापन तहका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरु, केन्द्रीय कार्यालयका कर्मचारीहरु र शाखा प्रबन्धकहरुको उपस्थितिमा नेतृत्व/सामूहिक एकताको विकास तथा शारीरिक स्वस्थता नामक दुई दिने गोष्ठी/सेमिनार सम्पन्न गरेको हो ।

सेमिनारमा अर्थतन्त्रमा देखिएको मन्दी र नकारात्मकताबीच आगामी दिनहरुमा अवलम्बन गर्नुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल भएको बैंकले जनाएको छ । बैंकको व्यवसाय विस्तार, ग्राहकहरुको हकहित संरक्षण र उत्कृष्ट सेवाप्रदान गर्न सबै तहका कर्मचारीहरुको सामुहिक प्रयत्न आवश्यक रहने निष्कर्षका साथ सेमिनार सम्पन्न भएको छ । साथै आर्थिक वर्ष २०८०/८१ अन्तर्गत बाँकी रहेको समयलाई अधिकतम उपयोग गरी बैंकको समग्र व्यवसाय विस्तारलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा छलफल भएको थियो ।

## वैशाख २६ गतेदेखि अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला

**काठमाडौ/मस-** १७औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला वैशाख २६ गतेदेखि शुरु हुने भएको छ । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी वैशाख २६ देखि ३० गतेसम्म राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा आयोजना गरिने भएको हो ।

कोरोनापछि विश्वभर आएको आर्थिक मन्दीको प्रभावबाट प्रभावित नेपाली उद्योगहरुको वर्तमान अवस्था झल्काउनु र उनीहरुको व्यापार प्रवर्द्धन गर्न सहयोग पुर्‍याउने मुख्य उद्देश्यका साथ 'खोजौं नेपाली, रोजौं नेपाली' र 'नेपाली वस्तुको प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं' भन्ने मूल नाराका साथ मेला आयोजना हुँदैछ ।

मुलुकभरका झण्डै छ लाख भन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरु र कृषि व्यवसायमा संलग्न उद्यमीहरुलाई प्रदर्शनीले प्रतिबिम्बित गर्ने महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले जानकारी दिएका छन् । प्रदर्शनीले मुलुकका लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरुको वर्तमान अवस्थालाई उजागर गर्न नेपालमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग लगायत सबैखाले उद्योगको उत्पादनलाई समावेश गरी बीटुबी, बीटुसी बीटुजी जस्ता अन्तरक्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव आदि कार्यक्रम प्रदर्शनीका थप आकर्षण हुने बताइएको छ ।

## ढुवानी व्यवसायी महासंघको अध्यक्षमा माधव नेपाल



**काठमाडौं/मस-** ढुवानी व्यवसायी महासंघको अध्यक्षमा माधव नेपाल चयन भएका छन् । देशभरका ढुवानी व्यवसायीहरुको छाता संगठन ढुवानी व्यवसायी महासंघ नेपालको छैटौं महाधिवेशन तथा १५औं वार्षिक साधारण सभाले व्यवसायी माधव नेपालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । निर्वाचित भएसँगै अध्यक्ष नेपालले ढुवानी क्षेत्रका साझा मुद्दाहरुमा अन्य यातायात महासंघ तथा संघहरुसँग हातेमालो गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । सरकारसँगको माग र मुद्दामा पनि गम्भीर बनेर अघि बढ्ने उनले बताए ।

अध्यक्ष नेपाल सर्वसम्मत रुपमा चयन भएका थिएन भने निर्वाचनमार्फत् उपाध्यक्षहरुमा अरुणकुमार श्रेष्ठ र प्रदीप अर्याल निर्वाचित भएका छन् । महासंघको वरिष्ठ उपाध्यक्षमा भने अच्युतराज खनाल सर्वसम्मत चयन भए । यस्तै, सचिवमा धर्मराज पोखरेल, कोषाध्यक्षमा पूर्णप्रसाद रेग्मी, महासचिवमा पुष्पराज श्रेष्ठ र सह-कोषाध्यक्षमा टेकराज पोखरेल चयन भएका छन् ।

छैटौं महाधिवेशनले सात प्रदेशमा प्रदेश संयोजकहरु समेत सर्वसम्मत चयन गरेको छ । निर्वाचित प्रदेश संयोजकहरुमा भोला पौडेल, कृष्णप्रसाद ढुंगेल, सृजना तिमिल्सिना, सोमप्रसाद भट्टराई, दधिराम कोइराला, चेतराज जोशी र श्यामराज हमाल रहेका छन् । साथै ९ जना कार्यसमिति सदस्यहरु पनि सर्वसम्मत चयन भएका छन् । जसमा दिलिप अर्याल, सन्तोषकुमार कार्की, चिरञ्जीवी पौडेल, राजेशकुमार मल्लिक, दामोदर खराल, नीलकण्ठ थापा, कमलप्रसाद बिडारी, कमलराज ढुंगाना र कृष्णराज पौडेल रहेका छन् ।

## बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चकचकी, झापा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८०/१२/०५**

यस कार्यालयले मिति २०८०/१०/१२ र २०८०/११/०१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपसिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेशगर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि. न. | ठेक्का प्याकेज | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १ | भागुडुब्बा बजार पूर्व लक्ष्मीथान मन्दिर जाने बाटो अदुवा खोलामा झो.पु. बाह्रदशी गाउँपालिका १ को स्टिल पार्ट्सको खरिद । (NCB/Bahradashi/TB-1/10/2080-81) | श्री एस. के. इन्जिनियरिङ्ग इण्डस्ट्रिज, वुटवल-१०, रुपन्देही | रु. ३५,१७,०१७१८ |
| २ | पेट्रोलपम्पबाट दक्षिण दिव्यज्योती स्कूल हुँदै सामुदायिक अस्पताल जोड्ने बाटोमा ब्लक लगाउने । (SQ/Bahradashi/Blockw3/12/2080-81) | श्री ए. वि. सि. कन्क्रीट एण्ड कन्स्ट्रक्सन प्रा. लि., कन्काई-३, झापा | रु.१९,८८,९९७०७ |

**प्रमुख प्रशासकीय अधिकृत**

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रंगेली, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### रंगेली नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**